# संघीय संसद
# प्रतिनिधि सभा

छैटौं अधिवेशन

**बैठक संख्या - १४ र १५**

**सूचनापत्र - २**

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ १९ गते सोमबार

प्रतिनिधि सभाको आजको पहिलो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ हात उठाएर मा० श्री मानबहादुर विश्वकर्माले रुकुमको चौरजहारी घटनाको सत्य तथ्य पत्ता लगाउन संसदीय अनुगमन समिति गठन गर्नुपर्ने माग गर्नुभयो र मा० श्री टेकबहादुर बस्नेतले भारतबाट नेपाल फर्कने क्रममा सल्यान आउँदै गरेको गाडी बाँकेमा दुर्घटना भएपछि घाइतेहरुको उपचारमा नेपाल सरकारले उचित ध्यान नदिएकोले आवश्यक प्रबन्ध मिलाओस् भन्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समय निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री अतहर कमाल मुसलमान
२. मा० श्री अभिषेकप्रताप शाह
३. मा० डा० अमरेश कुमार सिंह
४. मा० श्री अमृता देवी अग्रहरी
५. मा० श्री अमृता थापा
६. मा० श्री आशा कुमारी वि.क.
७. मा० श्री ईन्दुकुमारी शर्मा
८. मा० श्री उमाकान्त चौधरी
९. मा० श्री उमा रेग्मी
१०. मा० श्री उमाशंकर अरगरिया
११. मा० श्री कमला रोका
१२. मा० श्री कल्याणी कुमारी खड्का
१३. मा० श्री कु. तुल्सी थापा
१४. मा० श्री कृष्णगोपाल श्रेष्ठ
१५. मा० श्री कृष्ण प्रसाद दाहाल
१६. मा० श्री कृष्णबहादुर राई
१७. मा० श्री कृष्णभक्त पोखेल
१८. मा० श्री केदार सिग्देल
१९. मा० श्री खगराज अधिकारी
२०. मा० श्री खेमप्रसाद लोहनी
२१. मा० श्री गगन कुमार थापा
२२. मा० श्री गजेन्द्रबहादुर महत
२३. मा० श्री गणेश सिंह ठगुन्ना
२४. मा० श्री गोपाल बहादुर बम
२५. मा० श्री गौरीशंकर चौधरी
२६. मा० श्री गंगा चौधरी (सत्गौवा)
२७. मा० श्री गंगाबहादुर तामाङ्ग
२८. मा० श्री घनश्याम खतिवडा
२९. मा० श्री चन्दा चौधरी
३०. मा० श्री चाँदतारा कुमारी
३१. मा० श्री चित्रलेखा यादव
३२. मा० श्री छक्कबहादुर लामा
३३. मा० श्री जीवनराम श्रेष्ठ
३४. मा० श्री जुली कुमारी महतो
३५. मा० श्री झपटबहादुर रावल
३६. मा० श्री अमनलाल मोदी

तदुपरान्त मा० अर्थमन्त्री डा० युवराज खतिवडाले आ.व. २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा उठेका प्रश्नहरुको उत्तर दिनुभयो ।

तत्पश्चात मा० अर्थमन्त्रीले दिनु भएको उत्तरको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले स्पष्टीकरण माग गर्नुभयो :-

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री रंगमती शाही
४. मा० श्री रामबहादुर विष्ट
५. मा० श्री भरत कुमार शाह
६. मा० श्री देवप्रसाद तिमलसेना
७. मा० श्री पुष्पा भुसाल (गौतम)
८. मा० श्री प्रेमबहादुर आले
९. मा० श्री रामकुमारी चौधरी
१०. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
११. मा० श्री हरिराज अधिकारी
१२. मा० श्री तेजुलाल चौधरी
१३. मा० श्री मानबहादुर विश्वकर्मा
१४. मा० श्री सुरेशचन्द्र दास
१५. मा० श्री कृष्णबहादुर राई

त्यसपछि मा० अर्थमन्त्री डा० युवराज खतिवडाले उक्त स्पष्टिकरणहरुको सम्बन्धमा स्पष्ट पार्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले आ.व. २०७७/०७८ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल समाप्त भएको जानकारी गराउनु भयो ।

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले “विनियोजन विधेयक, २०७७” पेश गर्नुभयो ।

त्यसपछि मा० अर्थमन्त्री डा० युवराज खतिवडाले “राष्ट्र ऋण उठाउने विधेयक, २०७७” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" पेश गर्नुभयो ।

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव पेश गर्नुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" माथि कुनैपनि मा० सदस्यको विरोधको सूचना प्राप्त नभएकोले मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "ऋण तथा जमानत (चौबीसौं संशोधन) विधेयक, २०७७" पेश गर्नुभयो ।

तदुपरान्त मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्बाहाङफेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्बाहाङफेले "केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक, २०७७" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री डा० शिवमाया तुम्बाहाङफेले "राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धि सहितको नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन" पेश गर्नुभयो ।

तदुपरान्त महिला तथा सामाजिक समितिका मा० सभापति श्री निरु देवी पालले "महिला तथा सामाजिक समितिको वार्षिक प्रतिवेदन, २०७७" पेश गर्नुभयो ।

तदनन्तर बैठक आजै १५ मिनेटपछि बस्नेगरी दिनको १:२५ बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजको दोस्रो बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम मा० अर्थमन्त्री डा० युवराज खतिवडाले "विनियोजन विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त "विनियोजन विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री मिनेन्द्र प्रसाद रिजाल
२. मा० श्री देवेन्द्रराज कंडेल
३. मा० श्री उमा रेग्मी
४. मा० श्री डिला सँग्रौला (पंत)
५. मा० श्री पार्वता डि.सी. चौधरी
६. मा० श्री लक्ष्मी परियार
७. मा० श्री सुजाता परियार
८. मा० श्री प्रेम सुवाल
९. मा० श्री दिलेन्द्रप्रसाद बडू
१०. मा० श्री उमाकान्त चौधरी
११. मा० श्री दिव्यमणि राजभण्डारी
१२. मा० श्री राजेन्द्र कुमार के.सी.
१३. मा० श्री प्रमोद साह
१४. मा० श्री सञ्जय कुमार गौतम
१५. मा० श्री प्रमिला राई
१६. मा० श्री देवप्रसाद तिमलसेना
१७. मा० श्री भिमसेनदास प्रधान
१८. मा० श्री तेजुलाल चौधरी
१९. मा० श्री मन कुमारी जि.सी.
२०. मा० श्री कृष्णभक्त पोखेल

तत्पश्चात मा० अर्थमन्त्री डा० युवराज खतिवडाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०७७ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विनियोजन विधेयक, २०७७ को विभिन्न मन्त्रालय एवं सचिवालय अन्तर्गतका विभिन्न शिर्षकहरुमाथि छलफल गर्न र सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिन समेतका लागि २०७७ साल जेठ २३, २४, २५ र २६ गतेसम्मका दिनहरु तोकेको र उक्त छलफलमा दलीय प्रतिनिधित्वको आधारमा विभिन्न मन्त्रालय एवं सचिवालय र सो मन्त्रालय एवं सचिवालयसँग सम्बन्धित विभिन्न शिर्षकहरु अन्तर्गतको छलफलमा भाग लिनुहुने मा० सदस्यहरुको नाम सम्बन्धित दलिय प्रतिनिधि मार्फत सम्बन्धित मन्त्रालयको विनियोजन शिर्षकहरुमाथि छलफल हुने दिन बैठक बस्नु एक घण्टा अगावै कार्यव्यवस्था शाखा, प्रतिनिधि सभा, संघीय संसद सचिवालय, नयाँ वानेश्वरमा उपलब्ध गराई दिनुहुन अनुरोध गर्नुभयो ।

तदनन्तर बैठक २०७७ साल जेठ २३ गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव